राष्ट्रिय आर्थिक दैनिक

कारोबार

www.karobardaily.com

KAROBAR NATIONAL ECONOMIC DAILY

वर्ष ४ • अंक ३०० • राष्ट्रिय संस्करण • सोमबार, २४ मंसिर २०७० • Monday, 9 December 2013 • नेपाल संवत् ११३४ • पृष्ठ १२ • मूल्य ५ रुपैयाँ

# बाली सम्झौताको लाभ 'कार्यान्वयनमा निर्भर'

कारोबार संवाददाता

काठमाडौं, २३ मंसिर

अतिकमविकसित मुलुक (एलडीसी)का उत्पादनको भन्साररहित प्रवेशलाई सजिलो बनाउने विश्व व्यापार संगठन (डब्लूटीओ)को निर्णय कार्यान्वयनबाट मात्रै नेपालको फाइदा आँकलन गर्न सकिने विज्ञहरूले बताएका छन्।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाएरोन्मेन्ट (सावती)का अध्यक्ष डा. पोषराज पाण्डे डब्लूटीओको पछिल्लो सम्झौता दोहा राउन्डमै अल्मलिइरहेको विश्व व्यापारका लागि ठूलो फड्को भएको बताउँछन्।

"कुनै काम अघि बढ्न नसकेर डब्लूटीओको छविमै आँच आउन लागेको स्थितिमा व्यापार सहजीकरणको सम्झौता सकारात्मक पहल हो," उनी भन्छन्, "१२ वर्षदेखि डब्लूटीओले नियमनबाहेक केही गर्न सकेको थिएन। यो निर्णयले व्यवसाय गर्न सकिन्छ भन्ने सन्देश गएको छ, यसलाई तुरुन्तै प्राप्त गर्ने विषयभन्दा पनि दीर्घकालमा हेरिनुपर्छ।" यो सम्झौतापछि नेपालले पनि केही ऐन तथा नियमावली बनाउनुपर्ने अवस्था आउने पाण्डेको भनाइ छ। भारतसँगको द्विपक्षीय व्यापार सम्झौतामा पनि पुनरावलोकन आवश्यक पर्ने उनले बताए।

एलडीसीका उत्पादनलाई विश्व बजारमा पहुँचको प्रक्रियागत झन्झट कम गरी निर्बाध पहुँच दिन शनिबार इन्डोनेसियाको बालीमा डब्लूटीओका वाणिज्यमन्त्रीहरू सहमत भएका थिए। भन्साररहित पहुँच, कोटा सुविधा, उत्पत्ति प्रमाणपत्रको नियम, सेवाक्षेत्र कार्यान्वयनका विषयलाई सम्मेलनमा विशेष जोड दिइएको थियो।

नेपालले विशेषगरी 'ड्युटी फ्रि/कोटा फ्रि', पर्यटन तथा प्रविधि र श्रम निर्यात गर्न सक्ने भएकाले ती विषयले कस्तो प्राथमिकता पाउँछन् भन्ने कुरा कार्यान्वयनका क्रममा हेर्न बाँकी रहेको विज्ञहरू बताउँछन्। सेवा व्यापारमा श्रमले मान्यता पाए नेपालका लागि उपलब्धिमूलक हुने उनीहरूको भनाइ छ। कोटा सुविधाबाट पनि नेपालले फाइदा लिन सक्नेछ। तयारी पोसाकको निर्यातबाट नेपालले ठूलो फाइदा लिन सक्ने सम्भावना छ। विश्व बजारमा कोटा कटौतीपछि ओरालो लागेको तयारी पोसाकको निर्यात व्यापार अहिले पनि उठ्न सकेको छैन।

सम्झौताको मुख्य विषय व्यापार सहजीकरण भएकाले यसबाट अन्तर्राष्ट्रिय व्यापारको लागत र ढिलाइ (प्रशासनिक अवरोध) हटाई द्विपक्षीय व्यापार बढाउनेछ। अहिले विश्व व्यापारमा प्रशासनिक अवरोधले बढाउने मूल्य भन्सार महसुलभन्दा दोब्बर रहेको अनुमान छ।

> "१२ वर्षदेखि डब्लूटीओले नियमनबाहेक केही गर्न सकेको थिएन। यो निर्णयले व्यवसाय गर्न सकिन्छ भन्ने सन्देश गएको छ"

व्यापारविज्ञ प्रचण्डमान श्रेष्ठ एलडीसीलाई बजार पहुँचको समस्या नभएर बजार सहजीकरणको समस्या रहेको बताउँछन्। सम्झौता भएको भनिए पनि विस्तृत विवरण नआएकाले त्यसले नेपालको व्यापारमा पार्ने प्रभाव मूल्यांकन अहिल्यै गर्न नसकिने उनको भनाइ छ। "अनुदान दिने कुरा यसअघि पनि थियो," श्रेष्ठले भने, "अनुदान दिन नसकिने अवस्था भएर एलडीसीलाई समस्या भएको हो।"

*(बाँकी पृष्ठ ५ मा)*

## बाली...

उनले विकसित राष्ट्रमा मात्र नभई विकासशील राष्ट्रमा पनि व्यापार सहजीकरणका लागि विशेष समर्थन गर्ने गरी बाटो खोलिए राम्रो हुने बताए।

सहमतिले १ हजार अर्ब डलरको विश्व व्यापार अभिवृद्धि गर्न र विकासोन्मुख मुलुकलाई कृषि क्षेत्रमा अनुदान बढाउन बाटो खोलिदिएको छ। यो निर्णयलाई डब्लूटीओ स्थापना भएको १९९५ यताकै परिस्कृत विस्तृत सम्झौता भनिएको छ। सम्झौताले कृषि अनुदानमा लचकता अपनाउँदै खाद्यान्नमा थप अनुदान बढाउन सकिने व्यवस्था गरेको छ। यो अभियानको नेतृत्व गरेको भारतले हालै ल्याएको खाद्य सुरक्षा ऐनअन्तर्गत खाद्यान्नमा थप अनुदान बढाउन सक्नेछ। तर, यो ४ वर्षका लागि मात्र हो, जुन समयावधिबारे केही आलोचनासमेत भएको छ। १२ वर्षअघि सुरु भएको दोहा राउन्डबाट सतहमा आएको यो विवादका केही पक्षलाई बाली सम्मेलनले सम्बोधन गरेको छ।

विकसित मुलुकले यसअघि नै ९७ प्रतिशत वस्तुमा ड्युटी फ्रि प्रवेश दिने भने पनि अझै कार्यान्वयनमा आएको छैन। नेपाल सन् २००४ मा १ सय ४७ औं सदस्यका रूपमा डब्लूटीओमा प्रवेश पाएको थियो। हाल डब्लूटीओमा १ सय ५९ मुलुक सदस्य छन् भने यसै सम्मेलनले यमनलाई नयाँ सदस्यता दिने निर्णय गरेको छ।

इन्डोनेसियाको बालीमा डिसेम्बर ३ देखि ६ सम्म सम्पन्न डब्लूटीओको नवौं वाणिज्यमन्त्रीस्तरीय सम्मेलनमा नेपालबाट अर्थ, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री शंकरप्रसाद कोइराला नेतृत्वको टोली सहभागी भएको थियो। नेपाल एलडीसीहरूको संयोजक राष्ट्र हो।